भिजन लुम्बिनीमा पुनः पोखरेल

बुटवल (बुटवल टुडे) २७ पुस - भिजन लुम्बिनी लिमिटेडको बुटवलमा सम्पन्न नवौं साधारणसभाले पुनः जगतबहादुर पोखरेलको अध्यक्षतामा नेतृत्व चयन गरेको छ। साधारणसभाले संचालक समितिमा कुलबहादुर केसी, गिरिप्रसाद गैरे, कुशव कुवर, मोहनलाल जोशी, महाप्रसाद सुवेदी, शिवप्रसाद पाण्डे, राजिब गौतम, कमला पोखरेल शर्मा पराजुली, प्रकाश पौडेल र टेकराज रेग्मी सर्बसहमत निर्वाचित भएको निर्वाचन अधिकृत महेन्द्र पाण्डेले बताए। उद्घाटन सत्रमा बोल्दै अध्यक्ष पोखरेलले भिजनले सामुहिक संबृद्धिका लागि लगानी भन्ने नारालाइ स्थापित गर्दै अघि बढेको बताए।

उहाँले भिजनले पोखरामा २५ मेगावाटको जलबिद्युत परियोजना सफलतापूर्वक निर्माण सम्पन्न गरेर बिजुली बाल्न सफल भएको समेत जानकारी दिए। आगामी दिनमा टर्मा सेन्टर निर्माण,एकिकृत कृषि ,सौर्य

उर्जा उत्पादन,बिद्युत आयोजनाहरूको सर्बेक्षण तथा निर्माण अनुमति लिने, उत्पादनमुलक कम्पनीहरू संचालन गर्ने योजना रहेको जानकारी दिनुभयो ।सो अवसरमा अध्यक्षको प्रतिवेदन र लेखापरिक्षकको प्रतिबेदन पारित गरिएको छ। कार्यक्रममा उत्कृष्ट योगदान गर्ने लगानीकर्ता, कर्मचारी, पत्रकार जीवन भण्डारी र कपिल ज्ञवालीलाइ नगद तथा सम्मान पत्र तथा सहयोगीहरूलाइ सम्मानपत्रले सम्मान गरिएको छ।

भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडको पाँचौं र छैटौं वार्षिक साधारणसभा पनि आजै सम्पन्न भएको छ।

बुटवलको कालिकानगरमा रहेको दियालो फुडल्याण्डमा भएको समधारणसभा जगतबहादुर पोखरेललाइ संचालक समितिको अध्यक्षमा निर्बाचित गरेको छ। संचालक समितिमा सुदिपसिंह अधिकारी, बमबहादुर गुरुङ, हाइड्रो इलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, राजेन्द्र अधिकारी र नेहा अग्रवाललाइ चयन गरेको छ। त्यसैगरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव समेत पास गरेको छ। सो अवसरमा बोल्ने बक्ताहरूले भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडले छोटो अवधिमै उत्कृष्ट काम गरेको भन्दै सामुहिक लगानीले आर्थिक समृद्धिको ढोका खोल्ने बताएका थिए।

प्रेस चौतारी पाल्पाद्वारा ८ पत्रकार सम्मानित

पाल्पा (बुटवल टुडे) २७ पुस- प्रेस चौतारी नेपाल पाल्पाले ८ जना पत्रकारसहित, महासंघमा निर्वाचितलाई र जनप्रतिनिधीहरूलाई पुरस्कार सहित सम्मान गरेको छ। लुम्विनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेम बहादुर सारु, पुरस्कारदाता, प्रेश चौतारीका केन्द्रिय सचिव प्रदिप आचार्य र जिल्ला अध्यक्ष कृष्ण कार्कीले लगायतले टिका, माला, दोसल्ला, नगद सहित सम्मानपत्रबाट पुरस्कार वितरण गरे।

तुल बहादुर अधिकारीले स्थापना गरेको प्रतिक्षा स्मृति पत्रकारिता पुरस्कार बाट कृष्ण पोखरेल, ओम बहादुर घर्तीमगरले स्थापना गरेको भद्र बहादुर स्मृति पत्रकारिता पुरस्कार बाट नारायण न्यौपाने, राम बहादुर राउतले स्थापना गरेको तुलसा/तुल बहादुर स्मृति पत्रकारिता पुरस्कार बाट भुवन रायमाझी,, द्धारिका प्रसाद नेपालले स्थापना गरेको सिता देवी स्मृति पर्यटन पत्रकारिता पुरस्कार बाट विजय वौडेल, विष्णु बहादुर कार्कीले स्थापना गरेको गिता स्मृति पत्रकारिता पुरस्कार बाट दयाराज न्यौपाने, राजेश कुमार अर्यालले स्थापना गरेको रेडियो पत्रकारिता पुरस्कार बाट गुणवती के.सी. राजु प्रसाद श्रेष्ठले स्थापना गरेको शेष कुमारी/लोक कुमारी पत्रकारिता पुरस्कार बाट खेमराज पाण्डे र विनोद श्रेष्ठले स्थापना गरेको पुतली देवी/रूपनारायण स्मृति पत्रकारिता पुरस्कार बाट शोभाकान्त पाठक पुरस्कृत भएका छन। प्रेस चौतारी पाल्पाले पत्रकारितामा निरन्तर सक्रिय रहेका पत्रकारहरू लाई बार्षिकरूपमा पुरस्कृत गर्दै आएको छ। यसैगरी प्रेश चौतारीलाई संस्थागत रूपमा सहयोग गरेकोमा तानसेन नगरपालिकाका पुर्व नगर प्रमुख अशोक कुमार शाही, पुर्वखोला गाउँपालिकाका अध्यक्ष नुन बहादुर थापा र रम्भा गाउँपालिकाका अध्यक्ष विष्णु प्रसाद भण्डारीलाई सम्मान गरेको छ। यसैगरी पत्रकार महासंघमा निर्वाचित कमलराज तिमिल्सेनाको नेतृत्वमा निर्वाचित सबै पदाधिकारी, कार्यसमिती सदस्य र पाल्पाबाट प्रतिनिधीत्व गर्ने प्रदेश सदस्यहरूलाई प्रेश चौतारी पाल्पाले सम्मान गरेको छ।

बधाई तथा सम्मान कार्यक्रममा लुम्विनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले राम्रो काम र कर्म गर्नुस सम्मान हुने अवशर सवैको आउने बताए। स्वास्थ्यमन्त्री सारुले विचार आ आफ्नो भएपनी समाचार निष्पक्ष, बस्तुनिष्ट, सन्तुलित हुनुपर्नेमा र गलतलाई, गलत हो भन्ने हिम्मत र शाहस पत्रकारमा हुनुपर्नेमा जोड दिए। प्रेश चौतारीका केन्द्रिय सचिव प्रदिप आचार्यले प्रेश चौतारी पाल्पा शाखा देशकै नमुना शाखा भएको र सबैलाई बाटो देखाउने काम गरेको बताए। कार्यक्रममा प्रदेश सासद राजु प्रसाद श्रेष्ठले अहिले मिस इनफरमेसन, डिस इनफरमेसन र फेक इनफरमेसनको कारण राजनितिक दल देखी पत्रकाारहरू सम्मलाई चुनौतीको विषय बनेको बताए। बरिष्ट पत्रकार मेघराज शर्माले सबैले इमान्दार भएर काम गर्नुपर्नेमा जोड दिए। जिल्ला समन्वय समिती पाल्पाका प्रमुख टंकनाथ खनालले सबैपक्षले आत्म अनुशासनमा बसेर काम गरेमा देशले चाडै फड्को मार्ने बताए।

कार्यक्रममा नेपाली काग्रेसका जिल्ला सभापती हिमालदत्त श्रेष्ठ, नेकपा एमालेका जिल्ला अध्यक्ष ओमबहादुर घर्तीमगर, नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक राजेन्द्र वि.क., राष्ट्रिय स्वतन्त्र पाटीका दिलिप घिमिरे, राष्ट्रिय प्रजातन्त्र पाटीका अध्यक्ष डुल बहादुर कुवँर, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, लुम्विनी संचार समन्वय परिषदका अध्यक्ष यम गाहा मिलन, तानसेन नगरपालिकाका पुर्व प्रमुख अशोक कुमार शाही, प्रेश चौतारी इन्चार्ज राजेश कुमार अर्याल, पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, प्रेश युनियनका केन्द्रिय उपाध्यक्ष माधव अर्याल लगायतले पुरस्कृत र सम्मानितहरू लाई बधाई दिदै सबैले आ आफ्नो जिम्मेवारी भुमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

आँगनमा शेयर सदस्यलाई उपचार सहितको दुर्घटना विमा

बुटवल(बुटवल टुडे) २७ पुस- आँगन बचत तथा ऋण सहकारी संस्थामा शेयर सदस्यलाई उपचार सहितको दुर्घटना विमा गर्ने निर्णय गरिएको छ। बुटवल उपमहानगरपालिका कार्यक्षेत्र रहेको आँगन बचत तथा ऋण सहकारी संस्थाको शनिबार बुटवलमा सम्पन्न पन्ध्रौ वार्षिक साधारण सभाले दुर्घटनामा परेर घाईते भए १ लाख सम्मको उपचार र २ लाख रूपैंया परिवारलाई उपलब्ध गराउने गरी उपचार सहितको विमा गर्ने निर्णय गरिएको हो।

त्यसको लागि साधारण सभाले कार्यसमितिलाई अख्तियारी प्रदान गरेको छ। साधारण सभाले संस्थका अध्यक्ष राजिव गौतमले दिएको राजिनामा स्वीकृत गर्दै रिक्त अध्यक्ष पदमा कार्यवाहक अध्यक्ष युवराज ढकाललाई चयन गरिएको छ। त्यस्तै रिक्त उपाध्यक्ष पदमा छमबहादुर अधिकारी, सचिवमा कविन्द्र नेपाल र कार्यसमिति सदस्यमा सुरेश ज्ञवालीलाई चयन गरिको छ।

साधारण सभामा असल ऋणी आशिष अर्याल, असल बचतकर्ता रम्भादेवी अर्याल, शेयर सदस्यका छोराछोरी मध्ये प्लस २ मा उत्कृष्ट प्रविण अर्याल र अदिती अधिकारीलाई नगद सहित सम्मान गरिएको छ। त्यसैगरी संस्थाको श्रीबृद्धिमा योगदान गर्नुभएका संस्थाका पूर्वअध्यक्ष यमप्रसाद तिवारीलाई पनि सम्मान गरिएको छ।

साधारण सभामा संस्थाका अध्यक्ष युवराज ढकालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष नरदेव न्यौपानेले गरेको आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षण समिति संयोजक ध्रुवराज अर्यालले प्रस्तुत गरेका लेखा समितिको प्रतिवेदन सर्वसम्मत पारित भएको छ।

साधारण सभामा संस्थाका सल्लाहकार तथा पूर्वअध्यक्ष यमप्रसाद तिवारी, राजिव गौतम, शेयर सलस्य यमलाल लोहनी लगायतले भनाई राखेका थिए।

दुई दिने बार्षिक सिकाई कार्यशाला

कपिलवस्तु (बुटवल टुडे) २७ पुस - न्युन आय भएका र संकटासन्न समुदायको उत्थानशिलता अभिबृद्धि परियोजना (पिआरभिसी) परियोजनाको आयोजनामा दुई दिने बार्षिक सिकाई कार्यशाला शुरु भएको छ। ईलामिक रिलिफ नेपालको सहयोगमा लुम्बिनी एकिकृत बिकास संस्था (लिडो नेपाल) ले सञ्चालन गर्दै आएको न्युन आय भएका र संकटासन्न समुदायको उत्थानशिलता अभिबृद्धि परियोजना (पिआरभिसी) को सन् २०२४ को सिकाईको आधारमा समिक्षा सगै आगामी बर्ष २०२५ को योजना निर्माणका लागि कार्यशालाको आयोजना गरिएको हो। सो अवसरमा बोल्दै ईस्लामिक रिलिफ नेपालका कन्ट्री डाईरेक्टर गुलाम मुस्ताजिम बिल्लाहले समिक्षा पश्चात आगामी योजना प्रभावकारी रूपमा निर्माण हुनेमा बिश्वास व्यक्त गरेका छन।

कार्यक्षेत्रमा गरिएको प्रभावकारी कार्यको सिकाईले आगामी समयमा थप प्रभावकारी योजना निर्माण र कार्यान्वयन गर्न कार्यशाला सहयोगी हुने उनको भनाई थियो। बिगतका अनुभव र सफल अभ्यासका

आधारमा आगामी योजना निर्माण गरेर अगाडी बढ्दा थप प्रभावकारी रूपमा कार्यसम्पादन गर्न सकिने लिडो नेपालका अध्यक्ष अतहर कमालले बताए। सो अवसरमा संस्थाको कार्यक्रम बारे प्रस्तती गर्दै लिडो नेपालकी कार्यकारी निर्देशक सुनिता बेल्बासेले गत बर्ष परियोजना अर्न्तगत १२ करोड ६७ लाख १४ हजार ६ सय ५० रूपैया बजेटको कार्यक्रम गरिएको जनाईन। सन् २०२५ मा ९ करोड रूपैयाको सेरोफेरोमा बार्षिक योजना निर्माण गरिने उनले प्रष्ट याईन। आगामी बर्षको कार्यक्रममा जिविकोपार्जनको बिषयले प्राथमिकता पाउने गरि अगाडी बढिने उनले जानकारी दिईन। पिआरभिसी परियोजना कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिकाको ५ वटा वडा, शुद्धोधन गाउँपालिकाको ३ वटा वडा सगै रूपन्देहीको लुम्बिनी साँस्कृतीक नगरपालिका र समरीमाई गाउँपालिकाको ४/४ वटा वडामा सञ्चालनमा रहेको छ। परियोजनाले जिविकोपार्जन, खाद्य सुरक्षा, खानेपानी सरसफाई तथा स्वच्छता र जलवायु परिर्वतन न्युनिकरणको क्षेत्रमा काम गर्दै आएको छ। परियोजनाबाट चार वटै पालिकाको स्थानिय बिपद व्यवस्थापन तथा जलवायु उत्थानशिलता योजना (एलडिसिआरपी) निर्माण पुरा गरिएको पिआरभिसी कार्यक्रमका कार्यक्रम अधिकृत शरदचन्द्र केसीले जानकारी दिए। (एलडिसिआरपी) निर्माण पुरा गरि पालिकालाई हस्तान्तरण गरिए सगै चार वटै पालिकाले पारित गरेर कार्यान्वयनको चरणमा अगाडी बढाएको उनले प्रष्ट पारे।

बिपद् व्यवस्थापनको सवाललाई योजनाबद्ध तरिकाले सञ्चालन गर्ने, जलवायु परिर्वतन अनुकुलन कार्यक्रममा स्थानिय सहभागीता बढाउने, ति बिषयलाई स्थानिय बिकास प्रक्रियाको मुल प्रवाहीकरणमा ल्याउने, बिपद् र जलवायु परिर्वतनको जोखिम न्युनिकरण, पुर्व तयारी र प्रतिकार्यलाई प्राथमिकताका कार्यक्रममा राखेर कार्यान्यनमा लगिने जनाईएको छ। कार्यशालामा ईस्लामिक रिलिफ नेपालका राष्ट्रिय सल्लाहकार लक्ष्मीराज जोशी, लेखा व्यवस्थापक दिपक रामदास लगायत परियोजना कर्मचारीहरूको सहभागीता रहेको थियो।

कालिका स्पोट्स क्लव मा थापा निर्वाचित

बुटवल (बुटवल टुडे), २७ पुस - खेल खेलौं स्वाथ्य रहौं भन्ने नाराका साथ स्थापना भएको कालिका स्पोर्टस् क्लवको तेम्रो साधारणसभा तथा पहिलो अधिवेसन सम्पन्न भएको छ। बुटवल उपमहानरपालिका वडा नम्बर १० मा रहेको कालिका स्पोट्स क्लवको साधारण सभामा बोल्दै बुटवल उपमहनारपालिका प्रमुख खेलराज पाण्डेयले खेल स्वाथ्यको लागि राम्रो हुने बताएका थिए। साधारण सभा तथा अधिवेसनबाट जनक थापाको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरिएको छ।

जसयको उपाध्यक्षमा ज्ञानु राना, सचिवमा क्या.मिन बहादुर सारु, सह सचिवमा थम प्रसाद श्रेष्ठ र कोषाध्यक्षमा मानसिंह काउचा निर्वाचित भएका छन्। यस्तै सदस्यहरूमा रमेश प्रसाद श्रेष्ठ, विज्जु क्षेत्री, धन बहादुर कायम्बु, नेत्र कामु, देवी आले, सुर्य आचार्य, भविश्वर भट्राई र नेत्र वगाले चयन भएको निर्वाचन समिति संयोजक होम बहादुर गलामीले जानकारी दिए। सो साधारण सभाले १ लाख ८३ हजार ७ सय ९९ रूपैयाँ बराबरको आय व्ययको प्रतिवेदन पारित भएको छ।

कपिलवस्तु महोत्सव :

महोत्सव ऐतिहासिक भएको निष्कर्ष

बुटवल (बुटवल टुडे) २७ पुस- कपिलवस्तु उद्योग बाणिज्य संघले १५ औं कपिलवस्तु महोत्सवको समिक्षा गरेको छ। संघले गत मंसिर १९ गतेदेखि पुस २ गतेसम्म संचालन भएको १५ औं कपिलवस्तु महोत्सवको समिक्षा गरेको हो। संघका अध्यक्ष गणेश बहादुर क्षेत्रीले बैठकमा महोत्सवले स्थानीय उत्पादनलाई प्रवर्धन गर्नुका साथै उत्पादक र उपभोक्तालाई एउटै थलोमा ल्याउने काम सफलता पूर्वक गरेको बताएका थिए।

महोत्सव स्थलभित्र यस क्षेत्रका कृषि उत्पादन र ति उत्पादनको लाखौंले अवलोकन गरेर आवश्यक ज्ञान, सिप हासिल गरेको उनले सुनाए। सो क्रममा उनले महोत्सवको प्रवेशद्धारको अग्रभागमा प्रदर्शन गरिएका पर्यटकिय स्थलका तस्बिरहरूले यस क्षेत्रका पर्यटकिय तथा ऐतिहासिक स्थलको संरक्षण तथा प्रवर्द्धन गर्न महोत्सवले महत्वपुर्ण भूमिका निर्वाह गर्न सफल भएको बताए। उनले यस क्षेत्रको उद्योग, व्यापार, पर्यटन, भेषभूषा, कला, संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न महोत्सव कोशेढुगां सावित भएको बताए।

उनले बैठकमा महोत्सवले यस क्षेत्रको अर्थतन्त्रलाई चलायमान बनाउन समेत महत्वपूर्ण भूमिका खेलेको बताएका थिए। उनले बैठकमा महोत्सव अवधिभर १० करोड ४८ हजार बराबरको आर्थिक कारोबार भएको जानकारी गराए। उनले १५ औं कपिलवस्तु महोत्सवबाट १७ लाख २५ हजार बचत भएको जानकारी दिदैं उक्त रकम व्यवसायीहरूको हकहित र सामाजिक क्षेत्रमा खर्चिने बताए।साथै महोत्सव अवलोकनका क्रममा घाइते भएका बाणगंगा १ का थमन सिंह ताम्राकारलाई उपचार बापत ५१ हजार रूपैया आर्थिक सहयोग गर्ने निर्णय समेत भएको सघंका कोषाध्यक्ष धिरज खनालले जानकारी दिए।

संघका निवर्तमान अध्यक्ष डोलकराम घिमिरे, पूर्वअध्यक्षहरू उमानाथ पौडेल, यज्ञप्रसाद भट्टराई, देवी पाण्डेले १५ औं कपिलवस्तु महोत्सवलाई ऐतिहासिक बनाउन सहयोग गर्ने यस क्षेत्रका संघसंस्था, विद्यालय, राजनितिक दल, समाजसेवी, सुरक्षाकर्मी, संचारकर्मी, जिल्लावासी तथा आमदर्शकहरूलाई धन्यवाद दिएका छन्।

बैठकमा सघंका सल्लाहकार, पदाधिकारी, सदस्य तथा महोत्सव सफल पार्न विभिन्न उपसमितिका जिम्मेवारी पाएका संयोजकहरूको सहभागिता रहेको सघंका महासचिव नवदत्त घिमिरेले जानकारी दिए।

भलिवल प्रतियोगिताको उपाधि शान्तिलाई

बुटवल (बुटवल टुडे) २७ पुस- रूपन्देहीको तिलोत्तमा नगरपालिकाको आयोजनामा भएको नगरस्तरीय शिक्षक कर्मचारी भलिवल प्रतियोगिताको उपाधि शान्ति नमुना माध्यमिक विद्यालयले जितेको छ। सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूबीच आयोजित प्रतियोगितामा जनज्योती मा.वि. लाई ३-१ को सेटमा हराउँदै शान्तिले उपाधि चुमेको हो। विजेता बनेको शान्तिले नगद १९ हजार ९ सय ९९ सहित ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता जनज्योती मा. वि. ले १५ हजार ५ सय ५५ रूपैया प्राप्त गरेको छ।

यस्तै तृतीय भएको जनहित मा. वि. ले ११ हजार १ सय ११ रूपैया र चौथो भएको गीर्वाण संस्कृत तथा साधरण मा.वि.ले ७ हजार ७ सय ७७ रूपैया नगद सहित ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरेको आयोजक सतितिका संयोजक तथा शान्ति नमुना मा. वि. का प्रधानाध्यापक कुलप्रसाद लामिछानेले बताए।

अनुसूची १५

(दफा ३३ को उपदफा (२) संग सम्वन्धीत)

काठ/दाउराको बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

तेस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०९/२८

साहारा सामुदायिक वनको उपभोक्ता समूह बाणगंगा ९ कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ. व. २०८०/०८१ मा वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय कपिलवस्तुको लिलाम बिक्रीको लागि सहमति अनुसार यस सामुदायिक वनमा पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु शंकलन गरी घाटघद्दीमा राखिएको लट नं. ५ को असना, कर्मा, लगायत अन्य जातको गोलिया काठ थान २३९ को १३८७.६५ क्युफिट र लट नं. ८ को साल र अन्य जातको गोलिया काठ थान १५५ को ८३४.३८ क्युफिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ। डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक वन पैदावारमा आधारित उधोगले यो तेम्रो पटक सूचना प्रकाशित गरेको मितिले १५ दिन सम्ममा सिलबन्दी बोलपत्र खरीद गरी १६औं दिनको २ बजे भित्रमा गोप्य सिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्वन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्योहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा टाँस गरिएको छ।

अध्यक्ष

साहारा सामुदायिक वन उपभोक्ता समुह

बाणगंगा - ९ भलवाड, कपिलवस्तु।

PALHINANDAN RURAL MUNICIPALITY

OFFICE OF MUNICIPAL EXECUTIVE

Kushma, Nawalparasi (Ba. Su. P),

Lumbini Province, Neapal

Invitation for Bids- (E-bidding only)

First Date of publication :12th Jan, 2025 A.D (28th Poush, 2081 B.S)

PalhinandanRural Municipality, Office of Municipal Executive, Kushma, Nawalparasi now invites E-bidding only from eligible and qualified bidders for the Procurement of the following Projects.

S. N.	Contract ID:	Name of Project	Estimated Amount Exclusive VAT & PS	Bid Doc Price	Bid Security Amount, NRs.	Bid/Bid Security validity period
1	PNRM/NCB/WORKS/02/081/082	Janta Ma Bi Loharauli Adhuro Prabidhik Sikchalaya Nirman, Palhinandan-04, Nawalparasi (B-S-W)	1,24,19,689.38	3,000.00	4,22,000.00	90/120 Days
2	PNRM/NCB/WORKS/03/081/082	Siswa Piprahawa Hudhai Mahespur Jane ra Piprahawa bichma raheko Adhuro Sadak Istrounnati, Palhinandan-2, 5, Nawalparasi(B-S-W)	71,58,764.20	3,000.00	2,43,000.00	90/120 Days

❖ Eligible bidders may visit PPMO website www.bolpatra.gov.np/egp. to obtain further information and inspect the bidding documents .

Information for depositing the cost of bidding document	Information for depositing the cost of Bid Security:
Name of the Bank: **Nepal Bank Limited (Antarik Rajaswo Khata)**	Name of the Bank: **Nepal Bank Limited (Dharauti Account)**
Office A/C No.: **24803000001001000001**	Office A/C No: **24803000003000000001**
Bank Address: **Palhinandan-03, Belashpur**	**Bank Address: Palhinandan-03, Belashpur**

Deadline of bid Submission	Date and Time of bid opening
2081-10-29 (11th Feb 2025) 12:00pm	**2081-10-29 (11th Feb 2025) 1:00pm**

❖ Eligible Bidders may obtain further information and inspect the Bidding Doucments at the office of Palhinandan Rural Municipality, Kushma, Nawalparasi, Website:www.palhinandanrulmun.gov.n, PMMO Website;www.bolpatra.gov.np/egp.

Chief administrative Officer